अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टंगाल, काठमाडौं

मिति: २०७६।०१।२९ गते

प्रेस विज्ञप्ति

विषय: घुस रकम सहित नियन्त्रणमा लिइएको ।

जिल्ला बाँके राप्तिसोनारी गाँउपालिका स्थित लामिडाँडा सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष टिकाराम कामी र कोषाध्यक्ष दिपक खुनाले सामुदायिक वनको काठ लिलामीमा कोटेशन दर्ता गरी काठ उपलब्ध गराउन सहजिकरण गरिदिने प्रयोजनको लागि सेवाग्राहीसँग घुस रकम माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सम्पर्क कार्यालय, नेपालगञ्जबाट खटिइ गएको टोलीले निजहरू टिकाराम कामी र दिपक खुनालाई सेवाग्राहीबाट रू.५,००,०००। - (पाँच लाख) घुस बापतको रकम लिइसकेको अवस्थामा उक्त घुस रकम सहित बाँके जिल्ला राप्तिसोनारी गाँउपालिका वडा नं.-१ बैरीया कुसुमबाट नियन्त्रणमा लिई अनुसन्धान भइरहेको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता